# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

वर्ष ८ अंक ५, २०८१ भाद्र १९ गते, बुधबार

**भाग - ३**


## गाउँपालिका अन्तर्गतका शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि २०८१

**प्रस्तावना:**

नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यन्वयन गर्न विधालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा सबै बालबालिकाहरुलाई टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि विद्यालयमा विद्यार्थी संख्या, कक्षागत तथा विषयगतरुपमा शिक्षक दरवन्दी सृजना गरी शिक्षक पदपूर्ति गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ “ज” ले दिएको अधिकार प्रयोग गरी कालिगण्डकी गाउँपालिकाले यो कार्यबिधि तयार गरेको छ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"गाउँपालिका अनुदानमा शिक्षक ब्यवस्थापन सम्वन्धी कार्यविधि २०८१"** रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

(३) यो कार्यविधि कालिगण्डकी गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा मात्र लागु हुनेछ।

### परिच्छेद २

**२. परिभाषा:-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:-

क . **"ऐन"** भन्नाले कालिगण्डकी गाउँपालिका शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ।

ख .**"गाउँपालिका"** भन्नाले कालिगण्डकी गाउँपालिकालाई सम्झनु पर्छ।

ग .**"कार्यपालिका"** भन्नाले कालिगण्डकी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ .**"समिति"** भन्नाले शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयहरु छनौट तथा दरवन्दी वितरण तथा विद्यालय समायोजन गर्नका लागी बनेको छनौट समितिलाई सम्झनु पर्दछ।

ङ .**"अध्यक्ष"** भन्नाले कालिगण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

च .**"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले कालिगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ।

छ .**"शाखा"** भन्नाले कालिगण्डकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनु पर्छ।

ज .**"शाखा प्रमुख"** भन्नाले शिक्षायुवा तथा खेलकूद शाखा प्रमुखलाई सम्झनु पर्दछ ,।

झ .**"शिक्षक"** भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा अध्यापनरत शिक्षकलाई सम्झनु पर्दछ।

ञ ."**विद्यालय**" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

ट ."**विद्यार्थी**" भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य, अपेक्षा र बजेट सिमा

**३. उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क. कालिगण्डकी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराउने शिक्षण सिकाई सहयोग अनुदानको आधार र मापडण्ड ब्यवस्थापनका लागि मार्ग दर्शन गर्नु ।

ख. गुणस्तरीय शिक्षामा सबै वालवालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु ।

ग. सामुदायिक विद्यालयहरुको सिकाई उपलब्धि बढाउनु ।

घ. शुन्य दरवन्दी भएका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा विद्यालयहरुमा न्युनतम अंग्रेजी, गणित वा विज्ञान बिषयका शिक्षक ब्यवस्थापन गर्नु ।

ङ. विद्यालयहरुमा कार्यरत नीजिस्रोत शिक्षकहरुको तलवभत्ता वापतको रकम विद्यालयहरुलाई उपलब्ध गराउनु ।

च. गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुलाई परिस्थिति अनुसार पदस्थापन तथा समायोजन गर्नु ।

**४. अपेक्षा :**

क. शुन्य दरवन्दी भएका विद्यालयहरु तथा विद्यार्थी संख्या र कक्षागत आधारमा कम दरवन्दी भएका विद्यालयहरुमा गाउँपालिका अनुदानमा शिक्षक ब्यवस्थापन हुने ।

ख. विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार हुने ।

ग. सिकाई उपलब्धिमा बढोत्तरि हुने ।

**५. बजेट र सिमा :**

कालिगण्डकी गाउँपालिकाबाट यस शिर्षकमा स्वीकृत भएको बजेटनै यसको सिमा हुनेछ ।

## परिच्छेद-३

## शिक्षण सिकाई अनुदान वितरण आधार एवम् मापडण्ड

६. **छनौट समिति:**

शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयहरु छनौट तथा दरवन्दी वितरण तथा विद्यालय समायोजन गर्नका लागी गाउँपालिकामा तपसिल अनुसारको छनौट समिति रहनेछ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख. सामाजिक विकास संयोजक | - सदस्य |
| ग. शिक्षा क्षेत्रमा उल्लेख्य काम गरेका ब्यक्तिहरु मध्येबाट गा.पा.अध्यक्षद्वारा मनोनित एक जना | - सदस्य |
| घ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

**७. दरवन्दी तथा अनुदान वितरणका आधार एवम् मापडण्डहरु:**

क. प्रचलित ऐन नियम आवस्यकता र औचित्यका आधारमा विद्यालयहरुका लागि आजका मिति सम्म प्राप्त शिक्षक दरवन्दीको पुनर्वितरण गरिनेछ ।

ख. स्थायी, अस्थायी, राहत, गाउँपालिकाबाट अनुदान प्राप्त शिक्षकहरु तथा नीजिस्रोत शिक्षकहरु विद्यालयको आवश्यकता अनुरुप एक आपसमा मिलान गर्न सकिने ।

ग. दरवन्दी मिलान गर्दा सामुदायिक विद्यालयहरुमा कक्षा (१-३) सम्म कम्तिमा २ जना, कक्षा (१-५) सम्म कम्तिमा ३ जना, कक्षा (६-८) का लागि कम्तिमा ३ जना कक्षा (९-१०) का लागि कम्तिमा ५ जना र कक्षा (११-१२) का लागि कम्तिमा २ जना शिक्षक ब्यवस्था गरिनेछ ।

घ. शिक्षक विद्यार्थी अनुपात १:२० लाई आधार मानी शिक्षक समायोजन तथा दरवन्दी मिलान गरिनेछ ।

ङ. विद्यालय गाभिने सम्भावना रहेको साथै कक्षा (१-३) र कक्षा (१-५) क्रमश १५ जना र २५ जना भन्दा कम विद्यार्थीहरु भएका आधारभूत(१-३/५) विद्यालयहरुमा दफा ७ आकर्षित हुनेछैन ।

च. दफा (७) को ग र घ को आधारमा विद्यालयहरुलाई गाउँपालिका अनुदानमा शिक्षक दरवन्दी ब्यवस्था गरिनेछ, दरवन्दी कायम गर्दा अंग्रेजी, गणित र विज्ञान बिषयलाई प्राथमिकामा राखि वितरण गरिनेछ ।

छ. विद्यालयहरुले निजीस्रोतमा नियुक्त गरिएका शिक्षकहरुको तलब भत्ता नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी दिने वा गाउँपालिकाको आम्दानीको आधारमा गाउँपालिकाले अनुदान स्वरुप उपलब्ध गराउने छ ।

**८. शिक्षक नियुक्ति:**

शिक्षक नियुक्ति सम्वन्धी ब्यवस्था संघिय कानुन बमोजिम हुनेछ । तर निजीस्रोत शिक्षकको हकमा शिक्षक नियुक्ति ब्यवस्थापन समितिले विद्यालयको आवस्यकताकालाई मध्ये नजर गरि पालिकाको समन्वयमा गर्न सक्नेछ ।

**९. शिक्षक ब्यवस्थापन सम्वन्धमा:**

गाउँपालिका अनुदान कोटामा नियुक्ति भएका शिक्षकहरुलाई सोहि विद्यालय वा अन्य विद्यालयमा समान तथा सो भन्दा तल्लो तहमा रिक्त दरवन्दी वा शिक्षण सहयोग अनुदान कोटामा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी शिक्षक पदस्थापन गर्न सकिनेछ ।

**१०. बाधा अडकाउ फुकाउने अधिकार:**

यो कार्यविधि कार्यान्वियन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**११. व्याख्या गर्ने अधिकार:**

यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**१२. यसै अनुसार हुने:**

यो कार्यविधि जारी हुनु भन्दा अगाडि भएगरेका सबै कामहरु यसै अनुसार भएको मानिनेछ।

**१३. बचाउ:**

यस कार्यविधिमा उल्लेख गरे देखि बाहेकका विषयहरु शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुनेछ ।

आज्ञाले,
**नरेश गिरी**
प्रमुख प्रशासकीय अधिकृत